# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लाकुरीभञ्ज्याङ, नुवाकोट
## बागमती प्रदेश, नेपाल

प.सं.: २०७९/०८०
च.नं.:

**युवा नवप्रवर्तनात्मक विचार प्रदर्शनी तथा प्रस्तुतीकरण प्रतियोगितामा सहभागी हुने सम्बन्धी सूचना।**

प्रकाशित मिति २०७९/०८/१६

राष्ट्रिय युवा परिषदको आ.व. २०७९/८० को लागि स्वीकृत वार्षिक कार्यक्रममा व्यवस्था भएको युवा प्रतिभाहरुको खोजी र प्रोत्साहन कार्यक्रम अन्तर्गत पालिका/जिल्ला, प्रदेश तथा संघीय तहमा युवा प्रतिभाको खोजी तथा पहिचान गरि प्रतियोगितात्मक प्रतिस्पर्धाका आधारमा छनौट एवं पुरस्कृत गर्ने कार्यक्रम रहेको छ। यसै अन्तर्गत यस गाउँपालिकाले पनि **युवा नवप्रवर्तनात्मक विचार प्रदर्शनी तथा प्रस्तुतीकरण प्रतियोगिता (youth Innovative Ideas Hunt)** सञ्चालन गरि नुवाकोट जिल्लाभित्र रहेका युवा प्रतिभाको पहिचान, छनौट एवं पुरस्कृत गर्ने भएकोले उल्लेखित प्रतियोगितामा भाग लिन चाहने नुवाकोट जिल्लाभित्रका १६ देखि ४० वर्ष उमेरका युवाहरुले सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र युवा प्रतिभाको खोजी र प्रोत्साहन कार्यक्रम सञ्चालन सम्बन्धी कार्यप्रक्रिया, २०७८ को अनुसुची-३ बमोजिमको फाराम सहित अनुसुची-१ बमोजिमको ढाँचामा यस कार्यालयमा निवेदन दिनुहुन सुचित गरिन्छ।

**सहभागी हुनको लागि आवश्यक कागजात**

१. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा सो नभएमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि।
२. निवेदकले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु।

**प्रतियोगिता सञ्चालन हुने मिति र स्थानः**

२०७९/०९/२० गते पञ्चकन्या गाउँपालिकाको कार्यालय,लाकुरीभञ्ज्याङ,नुवाकोट।

**पुरस्कारको राशीः**

प्रथम,द्वितीय र तृतीय हुने सहभागीहरुलाई क्रमस रु दश हजार,सात हजार र चार हजार नगद (उल्लेखित रकममा नियमानुसार करकट्टी हुनेछ।)

**नोटः**

१. पालिका/जिल्लास्तरमा छनौट हुने सहभागीले बागमती प्रदेशस्तरीय प्रतियोगितामा र प्रदेशस्तरमा छनौट हुने सहभागीले संघीय स्तरको प्रतियोगितामा सहभागी हुन पाउनेछन।
२. राष्ट्रिय युवा परिषदले तयार गर्ने Idea Bank मा राख्नको लागि पालिका/जिल्लास्तरमा उत्कृष्ट हुने १० वटा Innovative Idea लाई पठाईनेछ।
३. फारामहरु गा.पा.को वेवसाईट www.panchakanyamun.gov.np मा उपलब्ध छन।

२०७९।०८।१६

(राममणि काफ्ले)
प्रमुख प्रशासकीय अधिकृत

रामणि काफ्ले
प्रमुख प्रशासकीय अधिकृत